# विश्वकर्मा महिलाहरूको शैक्षिक अवस्थामा आएको परिवर्तन

**(पोखरा महानगरपालिका वडा नं. २५ स्थित विश्वकर्मा टोलका महिलाहरुको अध्ययन)**

त्रिभुवन विश्वविद्यालय,मानविकी तथा सामाजिकशास्त्र संकायसमाजशास्त्र विषयको

स्नातकोत्तर तहको आंशिक

आवश्यकता परिपुर्ति प्रयोजनको लागि प्रस्तुत

## शोध पत्र

**प्रस्तुतकर्ता**

लक्ष्मी त्रिपाठी

रोल नं.: ७४/०७१

परिक्षा रोल नं.: ४८०३११

त्रि.वि.दर्ता नं.: ९-२-०२९३-०००८-२०१२

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय

समाजशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

२०७९

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र संकाय समाजशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको द्वितीय वर्षको आवश्यकता परिपूर्तिका निम्ती शोधकर्ता छात्रा लक्ष्मी त्रिपाठीद्वारा **“विश्वकर्मा महिलाहरूको शैक्षिक अवस्थामा आएको परिवर्तन**(**पोखरा महानगरपालिका वडा नं**. **२५ स्थित विश्वकर्मा टोलका महिलाहरुको अध्ययन**)**”** शिर्षकमा तयार पारिएको शोधपत्र मेरो प्रत्यक्ष सुपरिवेक्षणर निर्देशनमा तयार पारिएको हो । उक्त शोध पत्रलाई आवश्यक मुल्याङ्कनको लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

.................................

लक्ष्मण प्रसाद शर्मा

शोध निर्देशक

समाजशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०७८/०३/०१

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, समाजशास्त्र विषयमा स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यकता परिपूर्तिको निम्ति शोधकर्ता छात्रा लक्ष्मी त्रिपाठीद्वारा यस विभागमा प्रस्तुत**"विश्वकर्मा महिलाहरूको शैक्षिक अवस्थामा आएको परिवर्तन(पोखरा महानगरपालिका वडा नं. २५ स्थित विश्वकर्मा टोलका महिलाहरुको अध्ययन)"**शिर्षकमा तयार पारिएको शोधपत्र मूल्यांकन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

..........................................

**लक्ष्मण प्रसाद शर्मा**
शोध निर्देशक
समाजशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

.......................................

डा. शान्ता खत्री
बाह्य परीक्षक
समाजशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

.......................................

**शिव बहादुर थापा**
विभागिय प्रमुख
समाजशास्त्र विभाग, ग्रामिण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०७८/०३/१०

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय अन्तर्गत पृथ्वीनारायण क्याम्पस समाजशास्त्र तथा मावनशास्त्र विभागको स्नातोकोत्तर तह प्रयोजनको लागि तयार पारिएको हो । यसको शिर्षक "विश्वकर्मा महिलाहरुको शैक्षिक अवस्थामा भएको परिवर्तन" रहेको छ । पोखरा महानगरपालिका वडा नं. २५ मा स्थित विश्वकर्मा टोलका विश्वकर्मा महिलाहरु प्रस्तुत अध्ययनको केन्द्र बनेका छन् । प्रस्तुत शोधपत्र लेखनको क्रममा सुरुवात देखी नै सहयोग गर्ने शोध निर्देशक आदरणीय गुरु लक्ष्मण प्रसाद शर्माज्यु प्रति आभार व्यक्त गर्न चाहन्छु । उहाँले प्रस्तुत शोधपत्र तयार गर्ने समयमा आफ्नो कार्य व्यस्तताका बावजुद जुनसुकै समय, ठाँउमा हृदयदेखि नै खुला रुपमा सहयोग सल्लाह र सामाग्री जुटाई भरपुर सहयोग गर्नुभयो । उहाँप्रति म हृदयबाटै कृतज्ञता प्रकट गर्न चाहन्छु । उहाँको पूर्ण सहयोगले नै प्रस्तुत शोधपत्र सम्पन्न भएको हो । साथै यस विभागका विभागिय प्रमुख तथा आदरणीय गुरु शिव बहादुर थापाले शोधपत्र लेख्ने प्रेरणा, राय, सल्लाह र सुझाव दिएर सहयोग पुर्‍याउनु भएकोमा म उहाँप्रति पनि अत्यन्तै ऋणी छु ।

शोधपत्र लेखनको सुरुवात देखी अन्त्यसम्म सल्लाह सुझाव दिएर मद्दत गर्ने प्रिय साथी बबिता त्रिपाठीलाई पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । उनले शोधपत्रका सामाग्री उपलब्ध गराउनुको साथै विश्वकर्मा महिलाहरुको सम्बन्धमा धेरै जानकारी दिइन । आफ्नो तर्फबाट सक्ने सहयोग गरिन ।

विश्वकर्मा आमा समूहकी अध्यक्ष सरिता विश्वकर्माज्युलाई विशेष धन्यवाद दिन चाहन्छु । उहाँले विश्वकर्मा टोलका महिलाहरुको बारेमा जानकारी गराएर सहयोग पुर्‍याउनु भयो । त्यसैगरी आमा समूहका अन्य सदस्यहरु प्रति म आभारी छु । सबै जनाले आ-आफ्नो ठाँउबाट मलाई तथ्याङ्क संकलनमा सहयोग पुर्‍याउनुभयो, त्यसैगरी मेरा अभिभावकहरुको निरन्तर प्रोत्साहन र हौसलाप्रति म ऋणी छु । साथै एभरेष्ट कम्प्युटर सेन्टर परिवरलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा प्रस्तुत शोधपत्र लेखनको प्रारम्भदेखी मुल्याङ्कन समितिका निर्णयसम्म संलग्न रहने सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु ।

**लक्ष्मी त्रिपाठी**

# शोधसार

प्रस्तुत शोधपत्र दलित महिलाहरुको शैक्षिक अवस्थामा आएको परिवर्तन शिर्षकको समाजशास्त्रीय अध्ययन हो । पोखरा महानगरपालिका वडा नं. २५ हेम्जा स्थित विश्वकर्मा टोलकका विश्वकर्मा महिलाहरुमा केन्द्रित रही अनुसन्धान गरिएको छ । उद्देश्यमुलक नमुना छनोटका आधारमा १४ वर्ष देखी ३५ वर्ष सम्मका ४१ जना महिलाहरुलाई नमुना छनोटका रुपमा लिइएको छ । किनकी १४ वर्ष भन्दा तलका बालबालिकाहरुले प्रश्नको उत्तर राम्रो सँग बुझ्न र भन्न नसक्ने नाबालिकका रुपमा लिइने हुनाले र ३५ वर्ष भन्दा माथिका प्राय महिला अशिक्षित रहेको हुनाले १४ देखि ३५ वर्ष सम्मका महिलाहरु मात्र छनोट गरिएको छ । दलित महिलाहरुलाई अन्य महिलाको स्तरमा ल्याउनको लागि राज्यबाट विभिन्न निती नियमहरु बनेका छन् । कतिपय नितीनियम कार्यान्वयन भएका छन् । विभिन्न गैरसरकारी र सरकारी संस्थाबाट दलित महिलाको शैक्षिक स्तर माथि उठाउनका लागि विभिन्न कार्यक्रम सञ्चालन भएका छन् । जसकारण वर्तमान अवस्थामा अझैपनि दलित महिलाहरुको शैक्षिक अवस्था माथि उठेको छ या छैन, परिवर्तन हुन सकेको छ या छैन भन्ने विश्लेषण गर्नको लागि विश्वकर्मा महिलाहरुको शैक्षिक पहुँच र धारणा पत्ता लगाउने र उनीहरुको शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्वहरुको खोजी गर्ने उद्देश्यले प्रस्तुत अध्ययन अनुसन्धान गरिएको छ ।

वर्तमान अवस्थामा विश्वकर्मा महिलाहरुको शैक्षिक पहुँच, शैक्षिक धारणा र शिक्षामा प्रभाव पार्ने तत्वहरु नै प्रस्तुत अध्ययनको उद्देश्य बनेको छ । प्रस्तुत अध्ययनमा उद्देश्यमुलक नमुना छनोट विधिबाट ४१ जना महिला छनोट गरी सूचना संकलन गर्नका निमित्त प्राथमिक र द्धितिय स्रोतहरु प्रयोग गरी वर्णनात्मक र अन्वेषणात्मक ढाँचाको अबलम्बन गर्दै मुख्य प्राप्तिहरुलाई उद्देश्य अनुसार तालिकीकरण गरी विश्लेषण गरेर प्रष्टाइएको छ ।

अध्ययनको क्रममा माध्यमिक तह अध्ययन गरेका वा गर्दै गरेका महिलाहरु बढी रहेको पाइयो । धेरैजसो हिन्दु धर्म मान्ने महिलाहरु रहेका छन् भने नेपाली बाहेक अन्य भाषा बोल्ने महिला रहेका छैनन् । प्रस्तुत अध्ययन क्षेत्रमा सबैभन्दा धेरै २५ देखि ३० वर्ष उमेर समूहका महिलाहरु बढी रहेको पाइयो । प्राय महिलाहरु विवाहित रहेको पाइयो । महिलाहरुको परिवारका अन्य सदस्य प्राय सरकारी विद्यालयबाट नै अध्ययन गरेको पाइयो । अध्ययनलाई निरन्तरता दिइरहेको महिलाहरु स्नातक सम्म पढ्ने, वैदेशिक रोजगारमा जाने

लक्ष्य राखेको पाइएको छ । महिलाहरु वैवाहिक कारणले गर्दा पढाइलाई छोडीसकेको पाइएको छ । घरायसी काममा नै बढी समय दिन पर्ने हुनाले पढाइलाई निरन्तरता दिन नसकेको पाइएको छ । २०,००० देखि ५०,००० सम्म मासिक आम्दानी हुने मध्यम परिवारले धरको खर्च धान्न सकिने पाइएको छ । जसको मुख्य स्रोत वैदेशिक रोजगार रहेको छ ।

महिलाहरु विभिन्न बचत, आमा समूहमा आबद्ध रहेको पाइएको छ । जसबाट बचत गर्ने बानीको विकास भएको छ । साथै विभिन्न सरकारी तालिम प्राप्त गरेर सामाजिक आर्थिक, शैक्षिक, व्यक्तित्व विकासमा सहयोग पुगेको पाइएको छ । नारी शिक्षाको महत्व हुदाँहुदैं पनि नारी आफै कमजोर हुनाले शिक्षा प्राप्त गर्नबाट बञ्चित रहेको भन्ने धारणा पाइएको छ । विद्यालय घरपरिवारबाट कुनै पनि महिला भेदभाव हुननपरेको हुनाले सबै महिलाहरुको परिवार र विद्यालयबाट समान अवसर र स्वतन्त्रता प्राप्त गरेका छन् । सबैको शिक्षा प्रतिको चेतनाको विकासले गर्दा शिक्षाप्रति सकरात्मक धारणा रहेको पाइएको छ ।

# विषय सूची


पृष्ठ

सिफारिस पत्र ii
स्वीकृति पत्र iii
कृतज्ञता ज्ञापन iv
विषय सूची v
तालिका सूची viii
शोधसार ix
**अध्याय एक : अध्ययनको परिचय** **१–४**
१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ३
१.३ अध्ययनको उद्देश्यहरू ४
१.४ अध्ययनको महत्व ४
१.५ अध्ययनको सीमा ४
**अध्याय दुई : पूर्व साहित्य समिक्षा पुनरावलोकन** **५–१३**
२.१ सैद्धान्तिक धारणा ५
२.२ शिक्षा र नारिवाद ७
२.३ पुर्व साहित्यको समिक्षा ९
२.४ अवधारणागत ढाँचा १२
**अध्याय तीन : अनुसन्धान विधी** **१४–१६**
३.१ अनुसन्धान क्षेत्रको औचित्य १४
३.२ अनुसन्धान ढाँचा १४
३.३ अध्ययनको समग्रता र एकाई १५
३.४ तथ्याङ्कको प्रकृति तथा स्रोतहरू १५
३.५ तथ्याङ्कको संकलन विधी १५

३.६ तथ्याङ्क विश्लेषण एवम् प्रस्तुतीकरण १६

**अध्याय चारः अध्ययन क्षेत्रको परिचय १७-२१**

४.१ अध्ययन क्षेत्रको भौगोलिक सामाजिक एवम् जनसाङख्यीक विशेषता १७

४.२ संस्कृति र चाडपर्वहरु १८

४.३ धार्मिक विश्वासर दलित महिला १८

४.४ भाषागत अवस्था १९

४.५ उमेरको अवस्था २०

४.६ महिलाको वैवाहिक अवस्था २१

**अध्याय पाँच : विश्वकर्मा महिलाहरुको शिक्षामा पहुँच तथा त्यसप्रतिको दृष्टिकोण२२-३७**

५.१ शिक्षामा दलित महिलाको पहुँच र शैक्षिक स्तर २२

५.२ विद्यालयको प्रकृति र महिलाहरुको पहुँच २३

५.३ पढाइमा निरन्तरता र बिच्छेद २४

५.४ शैक्षिक लक्ष्य र दलित महिला २६

५.५ परिवारका दाजुभाई पढ्ने विद्यालयको प्रकृति २८

५.६ पढाई छोड्नुको कारण र अवस्था २९

५.७ शिक्षाप्रति पारिवारिक दृष्टिकोण ३०

५.८ महिलाहरुको पेशागत आवद्धता ३१

५.९ आर्थिक अवस्था र प्रभाव ३३

५.१० आर्थिक स्रोत र परिवार ३४

५.११ मासिक आम्दानीको अवस्था ३५

५.१२ मासिक खर्चको अवस्था ३६

५.१३ आर्थिक कारोबार र संचालन ३६

**अध्याय छ : दलित महिलाको शिक्षामा प्रभाव पार्ने तत्वहरु** **३८-४७**

६.१ दलित परिवारमा अवसरको समानता र स्वतन्त्रता ३९

६.२ दलित महिलाको संघसंस्थामा आबद्ध र गतिशिलता ४१

६.३ दलित महिलाले तालिम लिएको संस्था र फाइदा ४२

६.४ दलित महिलाहरुको अध्ययन पश्चात्को लक्ष्य ४३

६.५ नारी शिक्षाको महत्व र धारणा ४४

६.६ शिक्षामा दलित महिला पछाडि पर्नुको कारण र प्रभाव ४४

६.७ बालबालिकाको शिक्षामा अभिभावकको भुमिका ४५

६.८ दलित बालबालिका प्रति विद्यालयको दृष्टिकोण ४६

६.९ सामाजिक कार्यको प्रयोग र महत्व ४६

६.१० दलित महिलाहरुको शैक्षिक अवस्थामा परिवार तथा राज्यको भुमिका ४७

**अध्याय सात :सारांश, मुख्य प्राप्ती र निष्कर्ष** **४८-५३**

७.१ सारांश ४८

७.२ मुख्य प्राप्तीहरु ५०

७.३ निष्कर्ष ५२

*सन्दर्भ सामग्री*

*अनुसूची*

# तालिका सूची

**तालिका** **पेज**


| तालिका | | पेज |
|---|---|---|
| ४.१ | धार्मिक विश्वासका आधारमा उत्तरदाताको विवरण | १९ |
| ४.२ | उमेरका आधारमा उत्तरदाताको विभाजन | २० |
| ४.३ | वैवाहिक अवस्थाको आधारमा उत्तरदाताको विवरण | २१ |
| ५.१ | शिक्षामा दलित महिलाहरुको पहुँच र शैक्षिक स्तरका आधारमा उत्तरदाताको विभाजन | २३ |
| ५.२ | विद्यालयको प्रकृतिका आधारमा उत्तरदाताको विवरण | २४ |
| ५.३ | पढाईको निरन्तरता र विच्छेदका आधारमा उत्तरदाताको विभाजन | २५ |
| ५.४ | शैक्षिक लक्ष्यका अधारमा उत्तरदाताको विवरण | २७ |
| ५.५ | परिवारका दाजुभाइ पढ्ने विद्यालयको आधारमा उतरदाताको विवरण | २८ |
| ५.६ | पढाई छोड्नुको कारणका आधारमा उत्तरदाताको विवरण | २९ |
| ५.७ | महिलाहरुको पेशागत आवद्धताका आधारमा उत्तरदाताको विवरण | ३१ |
| ५.८ | घरको आर्थिक अवस्थको आधारमा उत्तरदाताको विवरण | ३३ |
| ५.९ | परिवारको आर्थिक स्रोतको माध्यमका आधारमा उत्तरदाताको विवरण | ३४ |
| ५.१० | पारिवारिक मासिक आम्दानीको आधारमा उत्तरदाताको विवरण | ३५ |
| ५.११ | पारिवारिक मासिक खर्चको आधारमा उत्तरदाताको विवरण | ३६ |
| ५.१२ | आर्थिक कारोबार  र सञ्चालनका आधारमा उत्तरदाताको विवरण | ३७ |
| ६.१ | संघ संस्थामा आबद्ध र गतिशिलताको आधारमा उत्तरदाताको विभाजन | ४१ |
| ६.२ | तालिम लिएको संस्थाबाट प्राप्त फाइदाको आधारमा उत्तरदाताको विवरण | ४२ |
| ६.३ | अध्ययन पश्चात्का लक्ष्यका आधारमा उतरदाताको विवरण | ४३ |
| ६.४ | शिक्षामा दलित महिला पछाडि पर्नुको कारण र प्रभावको आधारमा उत्तरदाताको विवरण | ४५ |